भूमिका

# एउटा मूल्यवान् पुस्तक

बालबालिका मैन हुन्, काँचो माटो हुन् र बोटबिरुवामा लाग्ने कलिला मुना हुन् । यिनीहरूलाई बेलैमा राम्रो स्याहारसुसार गर्न सकियो र सभ्य र सुसंस्कृत वातावरणमा हुर्काउन सकियो भने मात्र यिनीहरूको भविष्य उज्ज्वल हुनेछ र हामीले वर्षौंअघिदेखि भनिरहेका कुराहरू- 'बालबालिका देशका भविष्यका कर्णधार हुन्, भोलिका चहकिला तारा हुन्, हाम्रा सहारा हुन्' भन्ने उक्तिहरूको सार्थकता रहन्छ । होइन र यिनीहरूलाई आजभोलिको हाम्रो समाजले गरेको जस्तो दुरुपयोग गर्न थालियो र यिनीहरूमा भएका ऊर्जा, शक्ति वा बल र बुद्धिलाई नराम्रो बाटोतिर लगियो भने निश्चय नै काँचो मैन र माटोलाई जता र जस्तो रूपमा ढालियो त्यही रूप र आकारमा त्यसको सिर्जना भएजस्तै यिनीहरूको अवस्था पनि भविष्यमा त्यस्तै हुन जानेमा कुनै सन्देह छैन । तिनीहरूको रूप र आकारलाई समयमै र समयोचित तरिकाले ढाल्न जसरी एउटा शिल्पी हातको जरुरत पर्दछ त्यसरी नै हामी अभिभावक, शिक्षक-शिक्षिका तथा समुदाय र समाजका जिम्मेवार नागरिकको हात रहन्छ । होइन भने मैन र भाँडोको आकार बिग्रिएझैँ, सुगन्धित र राम्रा-राम्रा फूल फुल्ने रूखका बिरुवाका कलिला मुनाहरू चुँडिएझैँ यिनीहरूको जीवन निरर्थक खेर जान्छ र हामीले अहिलेसम्ममा उनीहरूमाथि जुन आशा र अपेक्षा राख्दै 'बालबालिकाहरू यस्ता हुन् उस्ता हुन्...' भन्दै र उनीहरूकै नाममा समाज र राष्ट्रले जुन श्रम र पैसाको खर्च

गरिरहेको छ, जुन प्रकारले नारा दिइरहेका छौँ त्यसको कुनै औचित्य रहने छैन । त्यो त केवल यिनै बालबालिका, विद्यालय, समाज तथा राष्ट्रकै लागि धोखा हुनेछ, विश्वासघात हुनेछ । यसर्थ हामी अभिभावक तथा समाजका हरेक व्यक्तिले आ-आफ्नो कर्तव्य तथा परिवार र आफ्ना बालबालिकाप्रति पुऱ्याउनुपर्ने जवाफदेहीलाई सम्झेर, बुझेर बेलैमा काम गर्न सक्यौँ भने मात्र यी बालबालिकाको भविष्य सुरक्षित रहनेछ, यिनीहरूको विकास र उन्नति हुनेछ, हामीले सोचेको र भनेकोजस्तो संसारको निर्माण हुनेछ ।

अब प्रश्न आउँछ- हाम्रा यी बालबालिकाको भविष्य सुरक्षित राख्ने र यिनीहरूको भविष्य उज्ज्वल बनाउनेतर्फ अभिभावक तथा समाजले के-के उत्तरदायित्व बहन गर्नुपर्ला त ? निश्चय नै यसका उपायहरूमा धेरैथोक पर्न आउँछन् तापनि सामान्यतया र सबैले सजिलै गरी भन्नसक्ने कुरा हो उनीहरूलाई बेलैमा शिक्षादीक्षा दिएर ठूलो मानिस बनाउनु । तर हामीले यस कुरालाई पनि बिर्सनु हुँदैन कि मानिस ठूलो होइन, असल बन्नुपर्छ । मानिस ठूलो र पलभरका लागि धेरैले मान्ने त ऊ कुनै पनि रूपमा र कुनै पनि उपायले बन्नसक्ला जसका धेरै नामहरू आज विश्व परिस्थितिमा लिन सकिन्छ तर उसलाई समाजले सम्झिने र युगयुगसम्म मान्ने त उसको असल काम र सत्चरित्रले मात्र हो । त्यस्ता मानिसहरू पनि विश्व इतिहासमा अनगिन्ती छन् । आज हामीले हाम्रो समाजमा त्यस्तै असल, अरूको भलाइ गर्ने, सत्चरित्रवान्, इमानदार र कर्तव्यनिष्ठ मानिसहरूको खोजी गर्नुपरेको छ, त्यस्तै मानिसहरूको उत्पादन गर्नुपरेको छ र आज हाम्रा बालबालिकाहरूको मन र मस्तिष्कलाई असल, गुणी, शिक्षित र बौद्धिकस्तरमा उकासेर हामीले सोचेको, खोजेको जस्तो नयाँ नेपाल निर्माणको अग्रणी बाटोमा लगाउनुपरेको छ । यसका लागि एकदम उपयुक्त समय नै यही हो ।

हामीलाई थाहा छ- भोलिका तन्नेरी र प्रौढहरूको अवस्था उनीहरूको आजको बालापनले निर्धारण गर्दछ र यस निर्धारित सत्यलाई निर्दिष्ट दिशामा पुऱ्याउने दायित्व सबैभन्दा पहिलो घर, परिवार र दोस्रोमा उनीहरू अध्ययन गर्ने थलो वा विद्यालय र सामाजिक परिवेश तथा वातावरण नै हुनेछ । यसैले यदि उनीहरूलाई हामीले बेलैमा सजग र सचेत तुल्याई र कुनै कलुषित वातावरणमा नहुर्काई स्वच्छ, सफा र निर्मल मन मस्तिष्क लिएर हुर्काउन र बढाउन सक्यौँ भने मात्र हामीले आजसम्ममा अपेक्षा गर्दै र भन्दै आएका उक्तिहरू चरितार्थ होलान् । होइन र यदि हामी अभिभावक, परिवार, समाज र देशका समस्त बुद्धिजीवी तथा शिक्षित वर्गले यस दिशातर्फ उपेक्षा गर्दै र बुद्धि र विवेक नपुऱ्याई

हाम्रा बालबालिकालाई कुनै एक व्यक्तिको वा कुनै एक समूहको स्वार्थमा प्रयोग गर्दै जान दियौँ भने र हाम्रा बालबालिकालाई पनि बेलैमा यिनीहरूले गरेका हरेक नराम्रा कामहरूलाई कुनै पनि कारणले होस् आँखा चिम्लिँदै गयौँ भने हाम्रा बालबालिकाको भविष्यका साथै देशको भविष्य पनि अन्धकार नै हुनेछ । हामीलाई थाहा छ- कुनै व्यक्ति केटाकेटी उमेरमा ऊ आफैँ पनि ठीक बाटोमा लागेको छैन र उसको घर-परिवारले पनि उसलाई ठीक बाटोमा लगाउन सकेको छैन भने तन्नेरी अवस्थामा त ऊ अझ भड्किन्छ, भड्किन्छ र प्रौढ अवस्थामा गएर ऊ 'धोवीको गधा घरको न घाटको' भनेझैँ भइरहेका घटना पनि हामी धेरैको आँखाले देखेका, कानले सुनेका र अनुभवले भोगेकै कुरा हुन् ।

बालबालिकालाई हामीले भनेकोजस्तो, सोचेकोजस्तो र अपेक्षा गरेकोजस्तो बाटोमा लगाउन निश्चय नै कठिन छ । एकातिर हामी अधिकांश व्यक्तिलाई हाम्रा बालबलिकालाई कसरी र कुन रूपमा हुर्काउनुपर्छ भन्ने कुराको ज्ञान नै छैन भने ती कुराहरू थाहा भएर पनि त्यसका लागि पर्याप्त समय हामीहरू दिनसकिरहेका छैनौँ । सबैलाई घर, परिवार र तिनै केटाकेटीको पेट भर्नकै लागि समस्याले सताइरहेको छ । जसको फुर्सद होला र यसबारे थाहा पनि होला ऊ पनि यस्ता कुरामाथि उपेक्षा गर्दै हिँडिरहेका देखिन्छन् । आफ्ना बालबालिकाको हेरचाह र मायाका लागि अलिकति भए पनि समय ऊ दिन नै चाहँदैन अथवा आफ्नै मनोरञ्जनका लागि समय खेर फालिरहेको हुन्छ । सरकारको कुरा गर्ने हो भने त अझ धेरै परको कुरा हुन आउँछ । हाम्रोजस्तो अल्पविकसित देशमा र अझ खासगरी निकै मानिस गरिबीको रेखामुनि रहेको पृष्ठभूमिमा यसका लागि स्रोत र साधनहरू अपुग छन्, अपर्याप्त छन् । भएका स्रोत र साधनलाई पनि सही ढङ्गमा प्रयोग गर्न सकिएको छैन र गरिएको पनि छैन । उता, आजको विश्वको यातायात, सञ्चार र अनेकौं रूपका अत्याधुनिक प्रविधिको द्रुततर विकासले पनि हाम्रा बालबालिकाका मन र मस्तिष्कलाई निकै माथिल्लो तहमा पुऱ्याइसकेको छ । एक किसिमले लाग्छ- हामी स्वयम् उनीहरूको पछि परिसकेका छौँ र हामीले हाम्रै उही पुरानो सोचाइमा र हामीले नै अपेक्षा गरेकोजस्तो बाटोमा न हामी उनीहरूलाई लगाउन सक्छौँ, न त उनीहरू नै 'मातृदेवो भवः पितृदेवो भवः' भन्दै हाम्रा कुरा मान्न तत्पर हुन्छन् । हामीले आजको युगमा आएर हाम्रा केटाकेटीहरूप्रतिको सोचाइ त्यस प्रकारले लिनु पनि हुन्न र उनीहरू मान्न पनि मान्दैनन् । तर पनि हामी बाबुआमा भएका नाताले वा अभिभावक भएका नाताले वा शिक्षकशिक्षिका तथा समाजको एक जिम्मेवार नागरिकको हैसियतले यदि हामीले हाम्रा केटाकेटीहरूप्रतिको दायित्व अझै बाँकी छ र

उनीहरूका लागि केहीनकेही गर्नैपर्छ भन्ने सोचेका छौँ भने हामी हाम्रा केटाकेटीहरूको मन र मस्तिष्कमा चोट पर्ने कुरो कतै नगरिदिउँ, उनीहरूलाई नराम्रो बोली र व्यवहार गर्न नसिकाइदिउँ, नराम्रा कामहरूबाहेक उनीहरूकै जीवनमा र उनीहरूले गर्न चाहेको कुराहरूलाई हामीले भला सबै पूरा गरिदिन नसकौँ, तर हौसला भने अवश्य भरिदिऊँ, कुनै काममा पनि उनीहरूमाथि जबरजस्ती नगरिदिउँ । उनीहरूमा विद्यालयस्तरीय पाठ्यपुस्तकबाहेकका अन्य पाठ्यसामग्रीहरू उपलब्ध गराइदिऊँ र पढ्ने बानीको विकासमा जोड दिलाउँ । विद्यार्थीहरूमा जति-जति पढ्ने बानीको विकास हुन्छ विद्यालयको सीमित ज्ञानभन्दा उसको ज्ञानमा चौतर्फी विकास हुन्छ र भविष्यको बाटोलाई उसले राम्ररी जान्न र बुझ्न सक्छ । ऊ एउटा समर्थवान् र देशको निम्ति असल र सक्षम नागरिक बन्छ । हामी सबैले आज चाहेको कुरा यही हो- हाम्रा देशका हरेक बालबालिकाको मन र मस्तिष्क एकदम फराकिलो होस् ! उनीहरूमा ज्ञान र बुद्धिको विकास होस् ! नयाँ-नयाँ चेतना र जागृतिको अभिवृद्धि होस् ! सिर्जनशीलता र क्षमताको विकास होस् ! राष्ट्र र राष्ट्रियताप्रतिको अथाह माया जागोस् ! यसका लागि उनीहरूले विद्यालयस्तरीय पाठ्यपुस्तकबाहेकका अन्य प्रकारका रोचक र पठनीय पाठ्यसामग्रीहरूको पनि सक्दो अध्ययन तथा उपयोग गर्न आवश्यक छ र यसको परिपूर्तिका लागि घरमा परिवारजनले, विद्यालयमा शिक्षकशिक्षिकाहरूले, समाजमा सामुदायिक अगुवाहरूले र राष्ट्रमा सरकारले उचित प्रबन्ध मिलाइदिन सक्नुपर्दछ ।

यी र यस्तै पाठ्यसामग्रीहरूमध्ये साहित्य पनि एक प्रमुख विधा हो । औपचारिक शिक्षाका लागि चाहिने पाठ्यपुस्तकबाहेकका यस्ता पुस्तकले बालबालिकाको मन र मस्तिष्कमा नयाँ-नयाँ सोच र ऊर्जा भरिदिन्छ, उनीहरूमा प्रेरणा जगाउँछ, स्फूर्ति प्रदान गर्छ । भनिन्छ- औपचारिक शिक्षा बालबालिकाका लागि जीवन बाँच्नको लागि चाहिने अति आवश्यक खाद्य पदार्थ हो भने साहित्यको अध्ययनले उनीहरूको त्यस खाद्य पदार्थलाई भिटामिन र प्रोटिनको मात्रा थपी पोषणयुक्त बनाइदिन्छ । त्यसैले त कुन देश कतिसम्म विकसित थियो वा अहिले छ भन्ने थाहापाउनका लागि शिक्षाको विकासबाहेक साहित्य, सङ्गीत र कलाको विकासको पनि लेखाजोखा उत्तिकै हुने गर्दछ तर हाम्रोजस्तो देश जहाँ औपचारिक शिक्षाको त त्यतिविधि विकास भइसकेको छैन त्यस्तो अवस्थामा साहित्य र अझ उन्नत बालसाहित्यको विकासको कल्पना गर्नु त धेरै टाढाको कुरा हो । यस्ता सामग्रीहरूको नेपालमा निश्चय नै अभाव छ र यसकै परिपूर्तिका लागि आज एक सशक्त र आफ्नो क्षेत्रका कर्मठ तथा संवेदनशील युवक प्रमोद प्रधान लागिपरेका छन् ।

प्रमोद प्रधानको नाम मैले धेरैअघिदेखि सुनेको हुँ, पढेको हुँ । सुरुमा म उनका कविताहरू पढ्ने गर्थें अझ भनौँ पत्रपत्रिकामा उनका नामका कविताहरू देख्ने गर्थें र अहिलेसम्ममा पनि उनका प्रकाशित नौ कृतिहरूमा तीन कवितासङ्ग्रह र तीन बालकवितासङ्ग्रह छन् । पछि जब उनीसँग मेरो व्यक्तिगत रूपमा परिचय भयो, उनी पत्रकारितामा पनि संलग्न छन् भन्ने थाहा पाएँ । अनि म स्वयम् जब नेपाल बालसाहित्य समाजसँग आबद्ध भएँ उनीसँग मेरो मित्रता झाङ्गिदै गयो र अहिलेको अवस्थामा त उनी पनि नेपाल बालसाहित्य समाजसँग राम्रै आबद्ध भएका छन् । उनीजस्ता इमानदार, कर्मठ, लगनशील र आफ्नो क्षेत्र र कर्तव्यमा अविचलित युवकको उपस्थितिले नेपाल बालसाहित्य समाजका अन्य साथीहरू पनि खुसी हुनुहोला भन्ने मलाई लाग्दछ । पत्रकारिताकै विषयलाई लिएर उनले *मोरङमा पत्रकारिताको अर्धशताब्दी* (२०६१) ग्रन्थलाई पनि विश्लेषणात्मक इतिहासको रूपमा प्रकाशनमा ल्याएका छन् । अनि *केही अध्ययन : केही अनुसन्धान* (२०४४) चाहिँ उनको समालोचनासङ्ग्रह हो । तीबाहेक उनले सम्पादनतर्फ विभिन्न पत्रपत्रिका, स्मारिका, बुलेटिन, पुस्तिका, ग्रन्थ, लेखमालासहित *सूर्यविक्रम ज्ञवाली स्मृतिग्रन्थ* समालोचनासङ्ग्रह, नारदप्रसाद ओझाको *पत्रकारिता : मेरो यात्रा,* देवकुमारी थापाको *क्षण, विचार र स्मृतिहरू, नेपाली यौनकथा* (प्रतिनिधि कथासङ्ग्रह), *आलेख* (समाचारलेखसङ्ग्रह) र *रासस आलेख समाचार* (फिचरसङ्ग्रह) जस्ता पुस्तकको पनि सम्पादन गरेका छन् । यसबाट थाहा हुन्छ प्रमोद प्रधान बालसाहित्यकार मात्र नभै एक कुशल अनुसन्धानकर्ता, समालोचक र सम्पादक पनि हुन् ।

अब जाउँ यस मन्तव्यको मूल कुरोतिर । माथि नै भनियो प्रमोद प्रधान एक कर्मठ र लगनशील व्यक्ति हुन् । उनले जीविकोपार्जनका लागि पत्रकारितालाई आफ्नो पेसाको रूपमा अँगालेका छन् । उनी २०३१ सालदेखि पत्रकारिताको क्षेत्रमा लागे र २०३६ सालमा राष्ट्रिय समाचार समितिमा भर्ना भए । त्यसपछिका दिनमा देशका विभिन्न भाग हुँदै हालका दिनमा उनी काठमाडौँमा नै छन् र प्रधान सम्पादकको रूपमा कार्य गरिरहेछन् तापनि नेपाली बालसाहित्यलाई उनले कर्मको रूपमा ग्रहण गरेका छन् । उनको कार्यले यस्तै दर्शाउँछ । माथि उल्लेख गरिएका विभिन्न कृतिहरूबाहेक विश्लेषणात्मक रूपमा एउटा गहकिलो ग्रन्थ *नेपाली बालसाहित्यको इतिहास* लेखेर २०५७ सालमै चर्चामा आएका उनले यसको दोस्रो संस्करण २०६१ सालमै निकाले र पुनः तेस्रो संस्करणको तयारी गर्दैछन् । त्यसमाथि त अहिले आएर झन् उनले *नेपाली बालवाङ्मय परिचयकोश*जस्तो एउटा बृहत् ग्रन्थको नै तयारी गरेका छन् जसमा उनले

विधागत रूपमा नै बालकविता/बालगीत/बालकाव्य/बालगजल/बालहाइकु, बालकथा, बालउपन्यास, बालोपयोगी जीवनी, चित्रकथा/चित्रपुस्तक, बालनिबन्ध, अनुदित कृति र विविध शीर्षकअन्तर्गत नेपाली बालवाङ्मयिक पुस्तकको परिचय दिएका छन् । यसमा उनले लेखकको नामको वर्णानुक्रमानुसार पुस्तकको नाम, प्रकाशक, मुद्रक, संस्करण, पृष्ठसङ्ख्या, मूल्य, चित्र, आवरण, भएमा सम्पादकको नामसमेत उल्लेख गर्नुका साथै कृतिसम्बन्धी छोटो परिचय पनि प्रस्तुत गरेका छन् । यसका अतिरिक्त नेपाली भाषामा प्रकाशित बालसाहित्यसम्बन्धी कृति, अङ्ग्रेजी भाषामा प्रकाशित नेपाली बालसाहित्यसम्बन्धी कृति, नेपाली लेखकद्वारा अन्य भाषामा लेखिई नेपाली भाषामा अनुदित बालवाङ्मयिक कृतिबारे पनि यस पुस्तकमा जानकारी दिइनुले नेपाली बालसाहित्यबारे खोजीनीति गर्ने व्यक्ति, समूह वा संस्था तथा कुनै पनि प्रकारका अनुसन्धानकर्ताका लागि यो एक अमूल्य ग्रन्थको रूपमा रहने निर्विवाद छ । त्यसबाहेक यस पुस्तकले प्रमोद प्रधानको आफ्नो क्षेत्र र कर्तव्यप्रतिको मोह, त्याग र मिहिनेतलाई पनि पुष्टि गर्दछ । आजको भौतिकवादी युग र स्वार्थले ग्रसित नेपाली समाजमा विना कुनै लोभ र पारिश्रमिकले करिब १,२८० पुस्तकको बारेमा यसरी खोजीनीति र अनुसन्धान गरी यस्तो मूल्यवान् पुस्तक निकाल्ने साहस र मिहिनेत शायदै कसैले गर्ला ! प्रमोद प्रधानको व्यक्तित्व र वैशिष्टयको अर्को पाटो पनि यस कार्यले देखाएको छ । उनले नेपाली बालसाहित्यको क्षेत्रमा लगाएको यस गुणलाई हृदय खोलेर कसैले तारिफ गरुन्-नगरुन् तर कमसेकम एकचोटि पढिदिएर यसको महत्त्वलाई ग्रहण गरिदिए मात्र पनि यसको अस्तित्वलाई स्वीकार गरेको ठहरिने छ । अन्त्यमा, मलाई यति महत्त्वपूर्ण पुस्तकबारे आफ्नो भनाइ राखिदिन स्नेही भाइ प्रमोद प्रधानले अनुरोध गरेकामा म अति हर्षित छु । यसका लागि म उनलाई धेरैधेरै धन्यवाद दिनुका साथै आगामी दिनमा पनि उनीबाट यस्तै कृतिहरूको सिर्जना हुन सकोस् भन्ने कामना गर्छु । अहिले यत्ति नै ।

मैतिदेवी, काठमाडौँ-३३

**विश्वम्भर चञ्चल**
अध्यक्ष, नेपाल बालसाहित्य समाज